# लाईभष्टक गुणस्तर ब्यवस्थापन कार्यविधि, २०७३

प्रस्तावनाः

पशुपन्छी क्षेत्रको दिगो विकास द्वारा खाद्य सम्प्रभु र संवृद्ध नेपाल वनाउने पशुपन्छी विकास मन्त्रालयको सोचका साथ अघि वढाईएका लक्ष्य, उद्येश्य एवं प्रतिवद्धता पुरा गर्ने मुल उद्धेश्य प्राप्तीका लागि पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको परीक्षण, निरीक्षण तथा प्रमाणीकरण गर्ने, पशु पक्षिजन्य उद्योग, दाना उद्योग, पशु पंक्षी विकास फार्म, दुग्ध उद्योग एवं दुध तथा दुग्ध पदार्थ विक्रि काउण्टर तथा मासु विक्रि काउण्टरहरुको अनुगमन तथा नियमन गर्ने नेपाल सरकारको नीति तथा कार्यक्रमलाई सहज, सरल, ब्यवस्थित, समय सापेक्ष, प्रभावकारी, पारदर्शि तथा गुणस्तरयुक्त तुल्याउन नेपाल सरकार, पशुपन्छी विकास मन्त्रालयवाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम लाईभष्टक गुणस्तर व्यवस्थापन कार्यविधि, २०७३ रहेको छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले दाना ऐन २०३३, आर्थिक कार्यविधि ऐन २०५५, तथा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ समेत सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले दाना पदार्थ नियमावली, २०४१ तथा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ समेत सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले पशुपंछी विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ ।

(ङ.) "निर्देशनालय" भन्नाले पशु उत्पादन निर्देशनालय संझनु पर्दछ ।

(च) "कार्यालय" भन्नाले लाईभष्टक गुण ब्यवस्थापन प्रयोगशाला संझनु पर्दछ ।

(छ) "कार्यालय प्रमुख" भन्नाले लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाका प्रमुख संझनु पर्दछ ।

(ज) "समिति" भन्नाले पशु सेवा विभाग अन्तर्गतको पशु आहार तथा औषधि शिफारिस समिति संझनु पर्दछ ।

## परिच्छेद- २

## प्रयोगशाला :

**३. प्रयोगशाला र यसको ब्यवस्थापन कार्य :**

(क) पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको परीक्षण, निरीक्षण तथा प्रमाणीकरण गर्ने, पशु पंक्षिजन्य उद्योग, दाना उद्योग, फिड प्रिमिक्स उत्पादन उद्योग, पशु पंक्षी विकास फार्म, दुग्ध उद्योग एवं दुध तथा दुग्ध पदार्थ विक्रि काउण्टर तथा मासु विक्रि काउण्टरहरुको अनुगमन तथा नियमनलाई सहज, समय सापेक्ष तथा गुणस्तरयुक्त तुल्याउने उद्येश्य परिपुर्तिका लागि मन्त्रालय, विभाग, निर्देशनालय अन्तर्गत केन्द्रीय स्तरमा यस प्रयोगशाला रहने छ । प्रयोगशाला जुन निकाय वा संस्थाको अङ्ग हो, त्यो निकाय वा संस्था व्यवस्थापनकालागि कानुनी रुपमा जिम्मेवार हुनुपर्ने छ ।

(ख) प्रयोगशालालाई स्थायि वा घुम्ती सुविधाको रुपमा अन्यत्र स्थानहरुमा संचालन गरे पनि यसै मापदण्ड अनुसार संचालन गर्नु पर्ने छ ।

(ग) प्रयोगशालाको संस्थागत प्रणाली, संगठनात्मक संरचना र कार्य विवरण स्पष्ट हुनु पर्ने छ ।

(घ) व्यवस्थापनले प्रयोगशालामा हुने परिक्षणको किसिम, परिमाण तथा परिधि लगायतका संपुर्ण क्रियाकलापहरुको उद्धेश्य अनुरुप गुणस्तर प्रणालीको स्थापना गरि सोको कार्यान्वयन गर्नु पर्ने छ । दाना, दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्टहरुको परिक्षण एवं विश्लेषण कार्य AOAC, 1990 को प्रोटोकल अनुसार गर्ने र कम्प्युटरीकृत विधिवाट हुने भएमा संवन्धीत मेशिनरिहरुको संचालन विधि अनुसार गर्नु पर्ने तथा उक्त मेशिनरिहरुको क्यालिव्रेशन तथा कार्य प्रणाली दुरुस्त राख्नु पर्ने छ ।

(ङ.) प्रयोगशालामा परिक्षण गर्न, परिक्षणको गुणस्तर तथा जिम्मेवारी निर्वाह गर्न आवश्यक श्रोत साधन तथा अधिकार संपन्न व्यवस्थापकिय एवं दक्ष कर्मचारीहरुको व्यवस्था हुनु पर्ने छ ।

(च) प्रयोगशालालाई आफुले निकालेको नतिजाको गुणस्तरमा नकारात्मक असर पार्न सक्ने जुनसुकै क्रियाकलापवाट मुक्त राख्नु पर्ने छ ।

(छ) प्रयोगशालाले सेवाग्राहिको सुचनाको गोपनियता तथा स्वामित्वको अधिकार सुरक्षित राख्नु पर्ने छ ।

(ज) प्रयोगशालाका कर्मचारीहरुमा आफ्नो कार्य क्षमता, निष्पक्षता र कार्य संचालनमा ऐक्यवद्धता संवन्धि आत्मविश्वास कायम राख्ने व्यवस्था गरिएको हुनु पर्ने छ ।

(झ) प्रयोगशाला परिक्षण तथा व्याख्या (Interpretation) मा संलग्न सवै कर्मचारीहरुको काम, कर्तव्य, अधिकार र आपसि अन्तर संवन्ध स्पष्ट साथ किटान गरिएको हुनु पर्दछ ।

(ञ) संवन्धीत परिक्षणकोलागि प्रयोगशालाको सक्षमता प्रमाणित गर्न प्रयोगशालाको विस्तृत कार्यनिती एवं पद्धति संवन्धि लिखित कागजात (Protocol) हुनु पर्ने छ । प्रोटोकलमा हरेक चरणमा गरिने विधिसम्मत कामहरु उल्लेख गरि पुस्तिकाको रुपमा तयार गरि संवन्धीत कर्मचारीहरुलाई उपलब्ध गराउनु पर्ने छ ।

(ट) प्रयोगशालामा हरेक शाखाका कार्यहरुको गुणस्तर सुनिश्चित गर्न तथा आवश्यक श्रोत साधनको व्यवस्थापनको लागि प्रयोगशालाको कुनै अधिकृत / व्यक्तिलाई गुणस्तर व्यवस्थापकको रुपमा काम, कर्तव्य र अधिकारको किटान गरि सो को जिम्मेवारी दिनु पर्ने छ । उक्त कर्मचारीको अनुपस्थितिमा निजको जिम्मेवारी वहन गर्ने गरि कुनै अर्को कर्मचारीलाई सहायकको रुपमा तोक्नु पर्ने छ ।

**४. गुणस्तर व्यवस्थापन :**

प्रयोगशाला परिक्षण तथा विस्लेषणको गुणस्तरलाई सुनिश्चित गर्न प्रयोगशालाले एक गुणस्तर निर्देशिका तयार गर्नु पर्ने छ । उक्त निर्देशिकामा तल उल्लेखित विषयवस्तु समावेश गरि अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराइ प्रकाशित गर्ने तथा आवश्यकता अनुसार अध्यावधिक गर्नु पर्ने छ ।

(क) उपलब्ध गराउने सेवाको विवरण

(ख) गुणस्तर प्रणालीको उद्धेश्य

(ग) सेवाग्राहिहरुलाई गुणस्तरिय सेवा प्रदान गराउने वारे प्रयोगशालाको दायित्व संबन्धी विवरण

(घ) प्रयोगशालामा प्रयोग गरिने लिखित कागजातको ढांचा

(ङ.) प्राविधिक कार्यविधि वारे रिफरेन्स (Standard Operation Procedure)

(च) प्राविधिक व्यवस्थापकको काम, कर्तव्य र जिम्मेवारी ।

**५. प्रयोगशालामा कार्यविधि-अभिलेखको व्यवस्थापन :**

(क) कुनै पनि विधिको लिखत कागजातको नयां संस्करण वा सोको अनुवाद प्रयोगशालामा प्रयुक्त हुने एवं कार्यस्थलमा सहजरुपमा उपलब्ध हुनेगरि व्यवस्थित गरेको हुनु पर्ने छ ।

(ख) प्रयोगशाला परिक्षण विधिको संशोधन, पुनरावलोकन, अनुमोदन एवं अध्यावधिकिकरण गर्ने बारे उल्लेख गरिएको निति तथा कार्यनितीको लिखित कागजात प्रयोगशालामा राखेको हुनु पर्ने छ ।

(ग) लिखित कागजात संशोधन गर्दा संशोधन गरिएका विषयवस्तु स्पष्ट रुपमा ठहऱ्याउन सकिने तथा सो को संवन्धित विषयको ज्ञान भएको विषय विशेषज्ञबाट पुनरावलोकन र अनुमोदन गराइ आधिकारिक निकायबाट प्रमाणित गराउनु पर्ने छ ।

(घ) कागजातको अभिलेख क्रमवद्ध तथा सहजरुपमा पहिचान हुने गरि पंजिकृत गरिएको हुनु पर्ने छ ।

## ६. प्रयोगशालामा प्राविधिक अभिलेखको व्यवस्थापन :

प्रयोगशालाले अभिलेख व्यवस्थापन कार्य देहाय अनुसार गर्नु पर्ने छ -

(क) प्राविधिक अभिलेखहरु संकलन, पंजिकरण, संभार तथा अभिलेख राख्ने समयावधि बारे कार्यविधि तयार गरि लागु गर्ने ।

(ख) अभिलेखहरुमा आन्तरिक प्राविधिक परिक्षण, पुनरावलोकन, सुधार तथा नियन्त्रणका लागि अपनाइएका कार्यहरुको अभिलेख राख्ने ।

(ग) कार्यालयले संपुर्ण अभिलेखहरु गोपनियता कायम गरि सुरक्षित साथ राख्नका साथै प्रत्येक प्रति कम्प्युटरमा सफ्टवेरको रुपमा समेत राख्नु पर्ने छ ।

(घ) प्रयोगशालाबाट उत्पादित परिक्षण एवं विष्लेषणको नतिजा पशु सेवा विभाग र कार्यालय आफैंले बाहेक अन्य व्यक्ति, निकाय वा संघ संस्थाले प्रकाशन वा विज्ञापनको रुपमा छाप्न पाइने छैन ।

(ङ) परिक्षण एवं विष्लेषण कार्य पुनः दोहोऱ्याउनु परेमा पूर्व निश्चित परिणामको निकट पुग्न मद्दत पुग्ने सुचनाहरुको अभिलेख राखिएको हुनु पर्ने छ ।

(च) अभिलेखिकरण गर्दा कुनै केरमेट भएमा केरमेट भएको लाइनको छेउमा अभिलेख राख्ने व्यक्तिले छोटो सहि गरेर मात्र अभिलेख राख्नु पर्ने छ । सफ्टवेरको रुपमा राखिएका अभिलेख सच्याउंदा समेत पुर्व अभिलेख नष्ट नहुने गरि सच्याउनु पर्ने छ ।

## ७. विष्लेषणमा एकिन नभएको परिणामको व्यवस्थापन :

(क) प्रयोगशाला परिक्षणमा एकिन नभएका वा संकास्पद परिणाम निस्केमा त्यसको पहिचान गरि सुधार गर्नकालागि आफै संग राखि त्यसको यथार्थता बारे संवन्धीत सरोकारवाला पक्षलाइ जानकारी गराउनु पर्ने छ । यस्तो परिणामको व्यवस्थापनको लागि कार्यालय प्रमुखले जिम्मेवार व्यक्ति तोक्नु पर्ने छ ।

(ख) परिक्षण परिणाममा कुनै खास जोखिमको पहिचान भएमा सो को यथासिघ्र सुधार गर्न जिम्मेवार व्यक्ति तोकि अन्वेषण गराइ सुधार गराउनु पर्ने छ ।

## ८. प्रयोगशाला परिक्षणमा सुधार एवं समय सापेक्ष वनाउने :

(१) प्रयोगशाला परिक्षणमा गुणस्तरीयता भए नभएको जांच गर्ने अधिकारीले निरिक्षण गर्दा नीति अनुरुप परिक्षण नभएको ठहर भएमा सुधारात्मक कार्य गर्नु गराउनु पर्ने छ । यस्ता कार्यको लागि तयार गरिएको नीतिमा तल उल्लेखित विषयहरु सुनिश्चित गरिएको हुनु पर्ने छ —

(क) सुधारात्मक कार्यका लागि खटाइएको व्यक्तिको पद

(ख) सुधार गर्नुपर्ने समस्याको मुख्य कारण पत्तालगाउन आवश्यक पर्ने अन्वेषण

(ग) समस्या पहिचान भएमा समाधानकालागि अपनाउनु पर्ने सुधारात्मक कार्यहरु

(घ) कार्यविधिमा परिवर्तन गरिएमा त्यसको लिखित रुपमा राख्नु पर्ने अभिलेख

(ङ.) सुधारका कार्य कार्यान्वियन पश्चात समस्यामा सुधार भए नभएको बारे समय समयमा गरिनु पर्ने अनुगमन

(च) सुधारात्मक कार्य बारे एकिन गर्न गरिनु पर्ने आन्तरिक प्राविधिक परिक्षण । यस्तो परिक्षण परिणामको गुणस्तर वा गुणस्तरिय प्रणाली पालन सम्वन्धि विवाद उठेमा त्यसको निराकरणको लागि गर्नु पर्ने छ ।

९. व्यवस्थापन पुनरावलोकन :

(क) प्रयोगशालामा जिम्मेवार अधिकृतको संयोजकत्वमा प्रयोगशाला परिक्षण एवं विष्लेषण सम्वन्धि वर्षको १ पटक गुणस्तरिय प्रणालीको पुनरावलोकन गरि रेकर्डहरु अध्यावधिक गरि राख्नु पर्ने छ । यसरि पुनरावलोकन गर्दा आन्तरिक प्राविधिक परिक्षणका रिपोर्टहरु, निती तथा कार्यनितीहरुको उपयुक्तता, व्यवस्थापकिय तथा सुपरिवेक्षकका रिपोर्ट, वाह्य संस्था तथा व्यक्तिले गरेको मुल्याङ्कनका आधारहरु, उपभोक्तावाट प्राप्त प्रतिक्रियाहरु तथा कुनै उजुरि परेका भएमा उजुरि उपर गरिएका काम कारवाहिहरुलाई आधार मानि गर्नु पर्ने छ । यसरि औंल्याइएका समस्या तथा समाधानकालागि दिइएका सुझावहरुको कार्यान्वियन कार्यालयले समयमै गर्नु पर्ने छ ।

१०. प्राविधिक आवश्यकताहरु :

**(क) प्रयोशालाले अपनाउनु पर्ने सावधानिहरु :**

(१) प्रयोशाला परिक्षणको परिणामको विश्वसनियतामा आंच आउन नदिने गरि व्यवस्थित गर्ने, प्रयोगशालामा काम गर्ने कर्मचारीहरुलाई समय सापेक्ष विकास भएका प्रविधि अनुसारका विष्लेषण सामग्री तथा मेशीनरिहरुको प्रयोग गरि तालिम दिलाउने तथा परिक्षण एवं विष्लेषण गर्न आवश्यक रसायन तयार गर्दा प्रयोगशालाले विषेश ध्यान पुऱ्याउनु पर्ने छ ।

**(ख) जनशक्ति तथा वातावरण :**

(१) प्रयोगशालामा कार्यरत कर्मचारीहरुको कार्य विवरण स्पष्ट र अध्यावधिक राख्नु पर्ने छ । कार्यरत कर्मचारीहरु आफ्नो काममा दक्ष हुनु पर्ने छ ।

(२) प्रयोगशालामा पर्याप्त प्रकाशको व्यवस्था, विद्युत आपुर्तिको वैकलपिक व्यवस्था तथा शान्त र स्वच्छ वातावरण कायम भएको हुनु पर्ने छ । प्रयोगशालाको परिक्षणको नतिजामा कुनै पनि वाह्य वातावरणबाट नकारात्मक असर हुन नहुने गरि व्यवस्थापन गर्नु पर्ने छ ।

**(ग) परिक्षण विधि तथा त्यसको छनौट :**

(१) प्रयोगशाला परिक्षण एवं विष्लेषणको कार्यविधि स्थापित गर्दा प्रयोगशालाको भौतिक पुर्वाधारले थेग्ने, सेवाग्राहिले स्वीकार गर्ने, वैज्ञानिक रुपमा प्रमाणित तथा दक्ष प्राविधिकले विश्व पशु पोषण संघबाट सिफारिस गरिएका वैज्ञानिक रुपमा स्थापित कार्य विध अनुसार गर्नु पर्ने छ ।

(२) रसायनको प्रयोग गरि विष्लेषण गर्नु पर्ने विधि भएमा सो को समेत जानकारी गराउने तथा विधिका वारेमा जानकारी माग भएमा आवश्यक प्रकृया अपनाइ दिनु पर्ने छ । प्रयोगशाला परिक्षण एवं विष्लेषणको विधि कम्प्युटराइज्ड मेशिन विषेशवाट संपादन हुने खालको भएमा त्यसका वारेमा पनि सरोकारवालाहरुलाई जानकारि गराउनु पर्ने छ ।

(३) परिक्षण विधिमा विस्तृत रुपमा व्याख्यात्मक र संवेदनशिल सुचनाहरु समावेश गरि उक्त विधिलाइ आधार लिइ विष्लेषण गर्न सकिने बनाउनु पर्ने छ । परिक्षण विधिमा विधिको श्रोत, रिफरेन्स, प्रयोग हुने रसायन र तिनको मात्राको सुचि, परिक्षणका लागि आवश्यक नमुनाको परिमाण र संख्या, गुणस्तर, नमुना स्वीकार गर्ने आधार, र शर्तहरु प्रष्ट रुपमा समावेश भएको हुनु पर्ने छ ।

(४) प्रयोगशाला परिक्षणका लागि नमुना संकलन, संवर्द्धन तथा सप्रेषण संवन्धी शर्तहरु, परिक्षणका लागि नमुना तयार गर्न आवश्यक विवरण र शर्तहरु, परिक्षण गर्नु पुर्व जांच गर्नु पर्ने कुराहरु, परिक्षणको नतिजा स्वीकार्य

हुने आधारहरु, परिक्षणवाट रेकर्ड गर्नु पर्ने तथ्याङ्क तथा त्यसको रुपान्तरण व्याख्या एवं त्यसको प्रस्तुति समेत स्पष्ट रुपमा समावेश भएको हुनु पर्ने छ ।

(५) कुनै पनि परिक्षण विधि प्रयोगशालामा नियमित परिक्षण गर्न पुर्व त्यसको प्रमाणिकरण गर्ने तथा संशोधन गर्नु परेमा त्यसको चारित्रिक संपादनमा कुनै असर नपर्ने गरि गर्नु पर्ने छ ।

**(घ) परिक्षण विधिको प्रमाणीकरण तथा नियन्त्रण :**

(१) प्रयोगशाला परिक्षण विधिको प्रमाणिकरण अन्तर्राष्ट्रिय पशु पोषण संघले अपनाएको विधि अनुसार हुनु पर्ने छ । प्रयोगशालाले प्रमाणिकरणकालागि आवश्यक पर्ने तथ्याङ्क तथा परिक्षण विधिहरु अध्यावधिक गरि प्रयोशलामा प्रयोगमा रहदा सम्म तथा प्रयोगशालाबाट हटाइ सके पछि पनि ५ वर्ष सम्मको लागि सुरक्षित राख्नु पर्ने छ ।

(२) प्रयोगशालाका प्रमुखले प्रयोगशाला परिक्षण एवं विष्लेषणको प्रमाणिकरण तथा नतिजा संग सम्वन्धीत तथ्याङ्कहरु आवश्यकताका वखत उपलब्ध हुने गरि तोकिएको व्यक्तिलाई जिम्मा लगाइ सुरक्षित साथ राख्न लगाउनु पर्ने छ । कम्प्युटराइज्ड तथ्याङ्क प्रणाली भएमा अर्को कम्प्युटरमा तथा हार्ड डिस्कमा समेत कपि गरि संरक्षण गरि राख्नु पर्ने छ ।

**(ङ.) नमुना संकलन, परिचालन एवं नतिजा व्यवस्थापन :**

(१) प्रयोगशाला परिक्षणको लागि नमुना संकलन गर्नु पुर्व परिक्षणको तरिका तथा विधि अनुसार नमुना संकलन, संप्रेषण तथा प्रशोधन गर्ने कार्यविधि स्पष्ट रुपमा व्यवस्थित गरिएको हुनु पर्ने छ ।

(२) नमुना संकलन गर्दा विष्लेषण गरिने नमुनाको प्रकृति अनुसार निर्माण गरिएका विधि अपनाइ गर्नु पर्ने छ ।

**३. दाना, दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्ट आयात गर्दा अपनाउनु पर्ने कार्यविधि :**

वाहय मुलुकबाट नेपालमा "पशु पंक्षिको तयारि दाना, दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्ट, फिड सप्लीमेण्टका कच्चा पदार्थ, सामान्य वाहेकका विषशेष प्रकारका दाना पानि खुवाउने भांडाकुंडाहरु तथा प्याकिङ्ग मेटेरियलहरु पैठारी गर्दा पैठारिकर्ताले देहाय वमोजिमको कार्यविधि अवलम्वन गरि लाईभष्टक गुण व्यवस्थापन प्रयोगशाला / कार्यालयमा आवेदन दिनु पर्ने छ-

१. अनुसुचि १ अनुसारको निवेदन साथ रु. ३००।- को राजश्व वुझाएको रसिद संलग्न हुनु पर्ने

२. फर्म (व्यवसाय) कंपनी रजिष्टारको कार्यालय वा उद्योग विभागको आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र

३. स्थायी लेखा नम्वर वा भ्याट दर्ता प्रमाण पत्र (दर्ता भएको आर्थिक वर्ष भुक्तान भैसकेको र नयां आर्थिक वर्ष शुरु भैसकेको अवस्थामा प्रमाण पत्र नविकरण गरिएको हुनुपर्ने छ)

४. फिड सप्लीमेण्ट आयातको लागि औषधि व्यवस्था बिभागमा दर्ता गरिएको प्रमाण पत्र (दर्ता भएको आर्थिक वर्ष भुक्तान भैसकेको र नयां आर्थिक वर्ष शुरु भैसकेको अवस्थामा प्रमाण पत्र नविकरण गरिएको हुनुपर्ने छ)

५. सम्वन्धित उद्योग, डिस्ट्रीव्युटर, वा मुख्य सप्लायरवाट जारि गरिएको नेपालमा विकी गर्न सक्ने आधिकारीक पत्र (Authorised Letter/ NOC)

६. सम्वन्धित उद्योगले पाएको GMP /ISO ९००१-२००० प्रमाण पत्र

७. आयात गरिने फिड सप्लिमेन्ट लेवल सहितको नमुना थान २

८. फिड सप्लिमेन्टको नाम बनावट, ईन्डिकेशन, डोज उल्लेख भएको सक्कल वा उत्पादक कंपनिबाट व्याख्या गरि प्रिन्ट एवं प्रमाणित गरिएको लिटेचर

९. आयात गरिने फिड सप्लिमेन्टको सम्वन्धित उद्योगले पेश गरेको विष्लेषण नतिजा (Analytical Report) ।

**४. दाना, दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्ट शिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि ः**

१. उपरोक्त कागज पत्र संलग्न निवेदन प्राप्त भएपछि त्यस आर्थिक वर्षमा शुरुमा वा प्रथम पटक त्यो तयारि दाना वा फिड सप्लीमेण्ट पैठारि गर्नु पर्ने रहेछ भने दुवैको हकमा आवश्यक देखिएमा सबै वा २ प्रकारका सम्म दाना तथा फिड सप्लीमेण्टको १ वटा नमुनाका दरले चारित्रिक गुण (Characteristics) को परिक्षण कार्यालयको आफ्नै प्रयोगशाला वा नेपाल सरकारको औषधि व्यवस्था विभागबाट स्वीकृती प्राप्त निजि प्रयोगशालामा पठाइने छ । प्रयोगशाला परिक्षणको नतिजा नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड संग मेल खाएमा मात्र आयातको आनुमतिक लागि शिफारिस गरिने छ । नमुना परिक्षणको खर्च संवन्धीत आयातकर्ताले व्यहोर्नु पर्ने छ ।

२. विभागस्तर सिफारिस समितिको बैठक बस्नु भन्दा तीन दिन अगाडिसम्म कार्यालयमा दर्ता भएका निवेदनहरुलाई रीतपूर्वक भए नभएको जाँच गरी, सिफारिस उप समितिको सचिवालयले सिफारिस समितिमा पेश गर्नेछ । सिफारिस समितिले सिफारिस दिने निर्णय गरेमा सिफारिस समितिको सचिवालयले संख्या, परिमाण, नाका तोकी सिफारिसपत्र तयार गरी उपरोक्त नाकाको भन्सार कार्यालयलाई सिफारिसपत्र प्रदान गर्नेछ ।

३. आयातको लागि शिफारिस गरिने दाना, दानाका कच्चा पदार्थ, फिड सप्लिमेन्ट, तथा प्याकिङ्ग मेटेरियलहरुको आवश्यकता, औचित्य, मात्रा, स्वस्थता तथा वैधता ठहर गरि विभागस्तर शिफारिस समिति समक्ष राय प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ निम्नानुसारका पदाधिकारिहरु रहने गरि एक ७ सदस्यिय फिड सप्लिमेन्ट शिफारिस प्राविधिक उप समिति रहने छ । उपसमितिको कार्यव्यवस्थापन सम्बन्धी खर्च प्रचलित ऐन नियम बमोजिम हुने छ ।

क) लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाका प्रमुख - अध्यक्ष
ख) पशु उत्पादन निर्देशनालयका वरिष्ठ पशु विकास अधिकृत - सदस्य
ग) पशु पंछी बजार प्रवर्द्धन निर्देशनालयका पशु विकास अधिकृत - सदस्य
घ) केन्द्रिय बंगुर कुखुरा प्रबर्द्धन कार्यालयका पशु विकास अधिकृत - सदस्य
ङ) आमन्त्रित २ जना - सदस्य
च) लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाका पशु विकास अधिकृत - सदस्य सचिव

४. फिड सप्लिमेन्ट शिफारिस प्राविधिक उप समितिले निवेदनसाथ संलग्न कागजात र प्रयोगशाला परिक्षण नतिजाको आधारमा सिफारिस गर्न मिल्ने नमिल्ने राय पशु आहार तथा औषधि सिफारिस समितिमा उपलब्ध गराउने छ । प्रयोगशाला परिक्षणको नतिजा उपयुक्त देखिएमा मात्र आयातको लागि शिफारिस गरिने छ ।

५. विभागस्तर सिफारिस समितिमा फिड सप्लिमेन्ट शिफारिस प्राविधिक उप समितिको राय सहितको प्रस्ताव उपर छलफल गरि फिड सप्लिमेन्टको आयात सिफारिस प्रदान गरिने छ ।

६. फिड प्रीमिक्सका कच्चा पदार्थ, तयारि फिड एवं फिड सप्लीमेण्टहरुको आयात कारोवार गर्ने दाना एवं पशुपन्छीउद्योग बाहेकका उद्योग एवं व्यापारिक फर्महरुलाई प्रदान गरिने आयात सिफारीस पत्र पत्रको मितिबाट बढिमा एक बर्षको लागी मान्य हुने छ । साल भुक्तान भए पश्चात नयाँ आर्थिक वर्षको शुरु महिनामा नै रु. ३००।- राजश्व बुझाई पुनः कार्यालयबाट नविकरण गराउनु पर्ने छ । नविकरण गराउनु पुर्व कार्यालयबाट माग भएका विवरणहरु अनुसूचि ३ मा तोकिएको फर्मेटमा भरि पेश गर्नु पर्ने छ ।

७. आर्थिक ऐनले तोकेको भन्सार सुविधा प्राप्त गर्न चाहने दाना तथा पशुपंक्षी उद्योगहरुले आर्थिक वर्षको शुरु महिनामा नै उद्योगको त्यस आ. व. मा उत्पादन गरिने दानाको यथार्थ परिमाण खुलाइ कार्यालयमा विवरण पेश गर्नु अनिवार्य हुने छ । यसै परिमाणका आधारमा मात्र उद्योगलाइ त्यस आ. व. मा सहुलियत भन्सार दरमा तोकिएका फिड सप्लीमेण्ट एवं मालवस्तुहरु शिफारिस गर्न सकिने छ ।

८. सिफारिसपत्रको म्याद सकिएपछि पुनः अर्को सिफारिस पत्र लिनु पर्नेछ । अर्को सिफारिसपत्र लिंदा रीतपूर्वक को निवेदन पेश गर्नु पर्नेछ ।

९. भन्सार सहुलियत दरमा आयात सुविधा प्राप्त गर्न चाहने पशुपंक्षी उद्योगहरुले चालु आ. व. को मंसिर महिनाको प्रथम हप्ता भित्र अघिल्लो आ. व. को दाना उत्पादनको यथार्थ परिमाण र कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि समेत

अनुसुचि २ अनुसारको पत्र साथ संलग्न राखि अनिवार्य रुपमा कार्यालयमा पेश गर्नु पर्ने छ । उक्त कागजात पेश नगर्ने उद्योगहरुलाइ भन्सार सहुलियत दरमा आयात सुविधा दिन समितिले शिफारिस गर्ने छैन । समितिले आर्थिक ऐनले भन्सार छुटको व्यवस्था गरेका दाना तथा पशुपन्छी उद्योगहरु बाहेकका अन्य उद्योग, व्यापारिक फर्म तथा कम्पनिहरुलाई भन्सार छुटको शिफारिस गर्ने छैन ।

**५. कार्यविधि निर्माण गर्दा आकर्षित भएका कानुन, ऐन, नियमावली, प्रावधान तथा मापदण्डहरु :**

यस कार्यविधि निर्माण निम्न कानुन, ऐन, नियमावली, मापदण्ड तथा प्रावधानहरुको आधारमा गरिएको छ -

१. आर्थिक विधेयक २०७१ को अनुसुची १ को (दफा ५ को उपदफा (३) सम्बन्धित) कर छुटहुने वस्तु तथा सेवाहरु, समुह ४ को (च) ले गरेको व्यवस्था ।

२. भन्सार दरबन्दीको भाग २३ अन्तरगत पर्ने शशु पंछीको तयारि दाना तथा दानाका कच्चा पदार्थहरु, भाग २५ अन्तर्गतको चुनढुङ्गाको धुलो, हड्डीको धुलो ,माछाको धुलो, भाग २८ अन्तर्गत पर्ने अप्राङ्गारिक फिड सप्लीमेण्ट एवं फिड सप्लीमेण्टका कच्चा पदार्थ भाग २९ अन्तर्गत पर्ने प्राङ्गारिक फिड सप्लीमेण्ट एवं फिड सप्लीमेण्टका कच्चा पदार्थ, भाग ३० अन्तर्गत पर्ने एक्सट्रयाक्ट हरु तथा पशुपन्छीको दाना तथा फिड सप्लीमेण्ट प्याकिंग गरिने प्याकिंग मेटेरियल तथा विषेश प्रकारका भांडाकुंडाहरु ।

३. दाना ऐन २०३३

४. दाना तथा दाना पदार्थ नियमावली २०४१

५. आर्थिक कार्यविधि ऐन २०५५, तथा आर्थिक कार्यविधि नियमावली २०६४

६. पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५

७. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६

**६. आयातको लागि पशु सेवा विभागबाट इजाजत दिन सकिने कच्चा पदार्थ तथा माल वस्तु हरु :**

निम्नानुसारका पशुपंक्षीका तयारि दाना, दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्ट एवं फिड सप्लीमेण्टका कच्चा पदार्थहरु बाह्य मुलुकबाट आयात गर्नका लागि सिफारिस गर्न सकिने छ :—

१. पशुपन्छीको तयारि दाना

२. पशुपन्छीको दानाका निम्नानुसारका कच्चा पदार्थहरु :

**दानाका कच्चा पदार्थ (Feed Ingredient) हरु :**

| क्र. सं. | कच्चा पदार्थको नाम | क्र. सं. | कच्चा पदार्थको नाम |
|---|---|---|---|
| १ | मकै | १९ | भटमास |
| २ | गहुं | २० | सुर्यमुखिको गेडा |
| ३ | गहुंको चोकर | २१ | ढुटोको पिना |
| ४ | जौ | २२ | सुर्यमुखिको पिना |
| ५ | मेज ग्लुटेन | २३ | सालसिडको पिना |
| ६ | तोरिको पिना | २४ | कपासको गेडाको पिना |
| ७ | धानको ढुटो | २५ | सिद्रा |
| ८ | जुनेलो | २६ | हाडको धुलो |
| ९ | जैं | २७ | गासुको धुलो |
| १० | कागुनु | २८ | ब्लड मिल |
| ११ | बनस्पति तेल / भटमासको तेल | २९ | चुन ढु[illegible]को धुलो |
| १२ | चनाको चुन्नी | ३० | खुदो |
| १३ | भटमासको पिना | ३१ | कुखुराको सुली |

| क्र. सं. | कच्चा पदार्थको नाम | क्र. सं. | कच्चा पदार्थको नाम |
|---|---|---|---|
| १४ | तिलको पिना | ३२ | जनावरको बोसो |
| १५ | बदामको पिना | ३३ | सिपिको टुक्रा |
| १६ | आलसको पिना | ३४ | चुन |
| १७ | राइस पोलिस / डिआयल्ड राइस पोलिस | ३५ | नुन |
| १८ | डिआयल्ड सिल्कवर्म प्युपा | ३६ | ब्रुअरि सह-उत्पादन |

नोट : माथि उल्लेखित कच्चा पदार्थ बाहेक समयानुकुल अनुसंधान भै अनुसधान संस्थाबाट पशुपक्षीकालागि लाभदायक छ भनि प्रमाणित एवं सिफारिस भै नयाँ किसिमका कच्चा पदार्थ आयात गर्नु पर्ने अवस्थामा फिड सप्लिमेन्ट सिफारिस प्राविधिक उप समितिले प्राविधिक आधार सहित विभागस्तर सिफारिस समितिको बैठकमा छलफलको लागि निर्णयार्थ रुपमा पेश गर्ने छ. उक्त समितिले छलफल पश्चात सिफारिस गर्ने निर्णय गरेमा मात्र नयाँ कच्चा पदार्थ समेत थप हुन सक्ने छन् ।

३. Nutrient Feed Supplements (Vitamins, Minerals, Amino acids)

४. Non Nutrient Feed supplements ( Enzymes, Toxin Binder, Anti oxidant, Emulsifier, Preservative, Stabilizer, Coloring, Flavoring agent, Anti caking agent, Mineral absorption enhancers, Pellet binders.

५. Coccidiostats.

६. Probiotics

७. अन्य (Liver tonic, Nephro tonic, Digestion Enhancers)

८. निम्न तालिकामा उल्लेखित फिड सप्लीमेण्ट एवं फिड सप्लीमेण्टका कच्चा पदार्थहरु :

तालिका नं १ : Amino Acids

| | |
|---|---|
| 1 | Lysine |
| 2 | Methionine |
| 3 | Threonine |

तालिका नं. २ : Minerals

| | | | |
|---|---|---|---|
| 1 | Iron | 6 | Potassium |
| 2 | Cupper | 7 | Phosphorus |
| 3 | Cobalt | 8 | Calcium |
| 4 | Manganese | 9 | Selenium |
| 5 | Magnesium | 10 | Zinc |

तालिका नं ३ : Vitamins

| | | | |
|---|---|---|---|
| 1 | Vitamin A | 8 | Vitamin B12 |
| 2 | Vitamin B1 | 9 | Vitamin H2 |
| 3 | Vitamin B2 | 10 | Vitamin K3 |
| 4 | Vitamin B3 | 11 | Vitamin E50 |
| 5 | Vitamin B5 | 12 | Vitamin D3 |
| 6 | Vitamin B6 | 13 | Vitamin C |
| 7 | Vitamin B9 | 14 | Choline Chloride |

तालिका नं ४ : Enzymes

| | | | |
|---|---|---|---|
| 1 | Amylase | 5 | Glucosidase |
| 2 | Cellulase | 6 | Phytase |
| 3 | Lipase | 7 | Pectinase |
| 4 | Protease | 8 | Xylanase |

तालिका नं ५ : Coccidiostats

| | | | |
|---|---|---|---|
| 1 | Amprolium | 6 | Lasalosid |
| 2 | Diclazuril | 7 | Toltrazurin |
| 3 | Clopidol | 8 | Monensin sodium |
| 4 | DOT | 9 | Halofuginone |

तालिका नं ६ : Antioxidants

| | | | |
|---|---|---|---|
| 1 | Ethoxyquin | 3 | Propyl Gallate |
| 2 | Butylated Hydroxyanisol (BHA) | 4 | Butylated Hydroxytoulene (BHT) |

नोट : माथि उल्लेखित फिड सप्लिमेन्टको दानामा समावेश गरिने न्युनतम मात्राको निर्धारण गर्दा फिड सप्लिमेन्ट शिफारिस प्राविधिक उप समितिले वैज्ञानिक प्राविधिक आधार तथा उत्पादक कंपनिको आधिकारिक शिफारिस हेरि निर्क्योल गरि आ. व. को शुरुको महिनामा नै विभागस्तर सिफारिस समितिको बैठकमा पेश गर्ने एवं कार्यालयको सूचना पाटिमा टांस समेत गर्नेछ । उल्लेखित कच्चा पदार्थ बाहेक पशु सेवा विभागले आवश्यक महसुस गरेमा वा समयानुकुल अनुसंधान भै अनुसंधान संस्थाबाट पशुपक्षीकालागि लाभदायक छ भनि प्रमाणित एवं शिफारिस भै आएका नयां खालका फिड सप्लिमेन्ट थप गर्नु पर्ने अवस्थामा फिड सप्लिमेन्ट शिफारिस प्राविधिक उप समितिले प्राविधिक आधार सहित विभागस्तर सिफारिस समितिको बैठकमा छलफलको लागि एजेण्डाको रुपमा पेश गर्ने छ, उक्त समितिले छलफल पश्चात शिफारिस गर्ने निर्णय गरेमा मात्र नयां फिड सप्लीमेण्ट समेत थप हुन सक्ने छन् । शिफारिस समितिले दाना उधोगलाई दानामा मिसाउने प्रयोजनका लागि कुनैपनि एन्टीबायोटिक्स सिफारिश गर्ने छैन ।

९. नेपाल सरकार अर्थ मंत्रालय, मंत्रालय, उद्योग मंत्रालय, भन्सार विभाग, औषधि व्यवस्था विभागबाट स्वीकृति प्राप्त भै परिपत्र भए अनुसारका मालवस्तुहरु ।

१०. सामन्य भाडावर्तन बाहेकका पशु पंक्षिको दाना खुवाउने तथा पानी पिउने विशेष किसिमका भाडा वर्तन तथा प्याकिङ्ग मेटेरियलहरु ।

११. ISO 9001-2008 वा GMP प्राप्त उद्योगहरुबाट उत्पादित पशु पंछीको दानामा समिश्रण गरिने पाउडर फिड सप्लिमेण्ट तथा पानीमा मिसाएर खुवाउने तरल फिड सप्लिमेन्टहरु ।

(अ) उपरोक्त प्राविधिक आधारमा सिफारिस गरिने फिड सप्लिमेन्टमा निम्न अनुसारको लेवल हुनु पर्ने छ -

क) उत्पादकको नाम र ठेगाना

ख) ब्याच नं. वा कोड नं.

ग) रसायनहरुको बनावट तथा कम्पोजिसन

घ) उत्पादित मिति र प्रयोग गर्न सकिने अन्तिम मिति

ङ.) उपभोक्ता वा खुद्रा मुल्य

च) खुद तौल

छ) दाना, पशुपक्षीहरुलाई मात्र प्रयोग हुने वारेको सूचना ।

७. **दाना ,पशुपक्षीजन्य उद्योग एवं रिटेल काउण्टरहरुको अनुगमन निरिक्षण तथा नियमनको व्यवस्था :**

क) **दाना उद्योग तथा दाना बिक्रि डिपो तथा डिलर भण्डारहरुको निरिक्षण अनुगमन तथा नियमनको व्यवस्था :**

(१) विभाग तथा निर्देशनालय मातहतको कार्यालय/प्रयोगशालावाट नियमित रुपमा दाना उद्योगहरुको अनुगमन निरिक्षण गरिने छ ।

(२) अनुगमन तथा निरिक्षण कार्य कार्यालय/प्रयोगशालाका अधिकृतस्तर सहितका कर्मचारीवाट गरिने छ । अनुगमन टोलिमा स्थानिय प्रशासन तथा निकाय, सुरक्षा निकाय, उपभोक्ता हित संरक्षण सम्वन्धी संस्थाका प्रतिनिधि समेतको संलग्नता हुन सक्ने छ ।

(३) अनुगमन निरिक्षणका वखत दाना उद्योगहरुले निरिक्षण अनुगमन गर्ने कर्मचारीहरुलाइ कार्यालय समय वाहेकको समयमा समेत दाना उद्योगको गेट खोलि उद्योगमा प्रयोग भैरहेका मेशिनरि, उत्पादन कक्ष, दाना तथा दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्ट भण्डारण कक्ष, ब्वाइलर, नियन्त्रण कक्ष तथा उद्योगको परिसर निरिक्षण गर्ने समेतका कार्यमा सहयोग गर्नु पर्ने छ ।

(४) निरिक्षणको वखतमा निरिक्षक कर्मचारीहरुले माग गरेका दाना उद्योग संग संवन्धीत तथ्याङ्क तथा दानाका नमुनाहरु उद्योगका प्रमुख वा प्रशासन- प्रमुख वा मुख्य व्यवस्थापक वा निजबाट अख्तियार प्राप्त व्यक्तिबाट नै उपलब्ध गराउनु पर्ने छ ।

(५) निरिक्षण तथा विश्लेषण पश्चात निरिक्षक कर्मचारीले उद्योग, दानाको गुणस्तरमा देखीएका कमि कमजोरि सच्याउन लिखित फर्मेटमा वा मौखिक रुपमा उद्योगका जिम्मेवार व्यवस्थापक वा कर्मचारीलाई प्राविधिक लगायत व्यवस्थापकिय विषयमा सल्लाह सुझाव दिन सक्ने छन ।

(६) निरिक्षण कार्यमा सहयोग नगर्ने वा असहयोग गर्ने दाना उद्योगहरुलाई असहयोग गर्नुको कारण वारे कार्यालयबाट स्पष्टिकरण सोध्न सकिने र उचित जवाफ प्राप्त नभएमा त्यस्ता दाना उद्योगहरुलाई दिने गरिएको सहुलियतको लागि शिफारिस गरिने छैन ।

(७) कार्यालयवाट दाना विक्रि डिपो तथा डिलर भण्डारहरुको निरिक्षण अनुगमन निरिक्षण गरिने छ । यस कार्यका लागि कार्यालयका कर्मचारीवाट दाना विक्री काउण्टर वा विक्रि डिपोका व्यवस्थापकहरुलाई काउण्टर, डिपो खोलि सहयोग गर्न अनुरोध गर्ने छन ।

(८) निरिक्षणका वखतमा कर्मचारिहरुवाट दाना विक्रि डिपो तथा काउण्टरको फर्स, सरसफाई, भण्डारण गरिएको विधि, दानाका वोरा वा कण्टेनरमा उल्लेख गरिएको लेवल, दानाको रङ्ग, गन्ध तथा संरचनाको निरिक्षण गरिने छ ।

(९) निरिक्षणका वखत कर्मचारिले माग गरेका दाना संकलन, दाना ढुवानि प्रकृया संग संवन्धीत तथ्याङ्कहरु काउण्टरका प्रमुख वा मुख्य व्यवस्थापकवाट नै उपलब्ध गराउनु पर्ने छ ।

(१०) निरिक्षण पश्चात निरिक्षक कर्मचारीले डिपो तथा भण्डारहरुमा देखीएका कमि कमजोरि सच्याउन लिखित फर्मेटमा वा मौखिक रुपमा डिपो तथा भण्डारका जिम्मेबार व्यवस्थापक वा कर्मचारीलाई प्राविधिक लगायत व्यवस्थापकिय विषयमा सल्लाह सुझाव दिन सक्ने छन ।

(११) निरिक्षण कार्यमा सहयोग नगर्ने वा असहयोग गर्ने काउण्टर तथा डिपोहरुलाई कार्यालयबाट स्पष्टिकरण सोध्न सकिने र उचित जवाफ प्राप्त नभएमा त्यस्ता दाना विक्रि डिपो तथा डिलर भण्डारहरुलाई दिने गरिएको सहुलियत रोक्का गरि कारवाहिकोलागि संवन्धीत निकायमा शिफारिस गरिने छ ।

(१२) दाना उद्योग तथा दाना विक्रि डिपो तथा डिलर भण्डारहरुको निरिक्षणका वखत कर्मचारिहरुले दाना तथा दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्टका नमुना लिइ प्रयोगशाला परिक्षण गरि त्यसको नतिजा संवन्धीत सरोकारवालाहरुलाई पठाउन सक्ने छन । दाना तथा दानाका कच्चा पदार्थ तथा फिड सप्लीमेण्ट परिक्षणको नतिजा तोकिएको गुणस्तर भन्दा न्युन वा अखाद्य पदार्थ मिसिएको ठहर भएमा प्रयोगशाला परिक्षणको नतिजाको प्रतिलिपि सहित दण्ड सजायेकोलागि संवन्धीत निकायमा शिफारिस गरिने छ ।

(१३) उद्योग, बिक्रि डिपो तथा डिलर भण्डारहरुमा भएका कमि कमजोरि वारे संवन्धीत उद्योग तथा दाना विक्रि डिपो तथा डिलर भण्डारहरुलाई कार्यालयबाट उचित प्राविधिक सल्लाह सुझाव दिइने वा सचेत गराइने छ ।

(१४) निरिक्षणकर्ताले निरिक्षण गर्दा दाना उद्योग, दाना बिक्रि डिपो तथा डिलर भण्डारहरुले आफना उत्पादन तथा भण्डारणहरुमा उत्कृष्ट गुणस्तर कायम गरेको, उद्योग तथा बिक्री काउण्टरको समग्र व्यवस्थापन धेरै राम्रो तथा अन्य उद्योग तथा रिटेल काउण्टरहरुको लागि समेत प्रेरणादायि हुन सक्ने पाएमा त्यस्ता उद्योग एवं काउण्टरहरुलाई विभागबाट बार्षिक रुपमा एक समारोहको आयोजना गरि प्रशंसा पत्र प्रदान गरिने छ ।

**(ख) डेरि उद्योग, दुध तथा दुग्ध पदार्थ विक्रि काउण्टरहरुको निरिक्षण अनुगमन तथा नियमनको व्यवस्था :**

(१) कार्यालय/प्रयोगशालाबाट नियमित रुपमा डेरि उद्योग, दुध तथा दुग्ध पदार्थ विक्रि काउण्टरहरुको निरिक्षण अनुगमन तथा नियमन गरिने छ ।

(२) निरिक्षण अनुगमन तथा नियमन कार्य कार्यालय/प्रयोगशालाका अधिकृतस्तर सहितका कर्मचारीबाट गरिने छ । अनुगमन टोलिमा स्थानिय प्रशासन तथा निकाय, सुरक्षा निकाय, उपभोक्ता हित संरक्षण सम्बन्धी संस्थाका प्रतिनिधि समेतको संलग्नता हुन सक्ने छ ।

(३) अनुगमन निरिक्षणका बखत दुग्ध उद्योगहरुले निरिक्षण अनुगमन गर्ने कर्मचारीहरुलाइ कार्यालय समय बाहेकको समयमा समेत उद्योगको गेट खोलि उद्योगमा प्रयोग भैरहेका मेशिनरि, उत्पादन तथा प्याकेजिङ्ग कक्ष, दुग्ध भण्डारण कक्ष, पानि प्रशोधन कक्ष, प्रयोगशाला, शित भण्डार, नियन्त्रण कक्ष तथा उद्योगको परिसर निरिक्षण गर्ने कार्यमा सहयोग गर्नु पर्ने छ ।

(४) अनुगमन निरिक्षणका बखतमा निरिक्षक कर्मचारीहरुले माग गरेका दुग्ध उद्योग संग संबन्धीत तथ्याङ्कहरु उद्योगका व्यवस्थापन प्रमुख वा प्रशासन प्रमुख वा निजबाट अख्तियार प्राप्त व्यक्तिबाट नै उपलब्ध गराउनु पर्ने छ ।

(५) निरिक्षण पश्चात निरिक्षक कर्मचारीले उद्योगमा देखीएका कमि कमजोरि सच्याउन लिखित फर्मेटमा वा मौखिक रुपमा उद्योगका जिम्मेवार व्यवस्थापक वा कर्मचारीलाई प्राविधिक लगायत व्यवस्थापकिय विषयमा सल्लाह सुझाव दिन सक्ने छन ।

(६) निरिक्षण कार्यमा सहयोग नगर्ने वा असहयोग गर्ने दुग्ध उद्योगहरुलाई कार्यालयबाट असहयोग गर्नुको कारण वारे स्पष्टिकरण सोध्न सकिने र उचित जवाफ प्राप्त नभएमा त्यस्ता दुग्ध उद्योगहरुलाई दिने गरिएको सहुलियत रोक्का गरि कार्वाहिको लागि शिफारिस गरिने छ ।

(७) कार्यालयबाट दुध तथा दुग्ध पदार्थ बिक्रि रिटेल काउण्टरहरुको निरिक्षण गरिने छ । निरिक्षणका बखतमा निरिक्षकले काउण्टरको फर्स, सरसफाई प्रक्रिया, दुध तथा दुग्ध पदार्थ तयार गरिएका भांडाकुंडा, दुध तथा दुग्ध

पदार्थ भण्डारण गरिएका भांडाकुंडा, बारा वेसिन, काउण्टरमा प्रयोग गरिएको पानिको व्यवस्थापन, चिस्यानका संरचना, प्याकेजिङ् मेटेरियल तथा बिक्रिकालागि राखिएका पदार्थहरुको गुणस्तर निरिक्षण गर्ने छन ।

(८) निरिक्षणका बखत कर्मचारिले माग गरेका दुध संकलन, दुग्ध पदार्थ उत्पादन संग संवन्धीत तथ्याङ्कहरु काउण्टरका प्रमुख वा निजबाट अख्तियार प्राप्त व्यक्तिबाट नै उपलब्ध गराउनु पर्ने छ ।

(९) निरिक्षण पश्चात निरिक्षक कर्मचारीले रिटेल काउण्टरमा देखीएका कमि कमजोरि सच्याउन लिखित फर्मेटमा वा मौखिक रुपमा काउण्टरका जिम्मेवार व्यवस्थापक वा कर्मचारीलाई प्राविधिक लगायत व्यवस्थापकिय विषयमा सल्लाह सुझाव दिन सक्ने छन ।

(१०) निरिक्षणका बखत सहयोग नगर्ने दुध तथा दुग्ध पदार्थ विक्रि काउण्टरहरुलाई असहयोग गर्नुको कारण बारे कार्यालयबाट स्पष्टिकरण सोध्न सकिने र उचित जवाफ प्राप्त नभएमा त्यस्ता दुध तथा दुग्ध पदार्थ विक्रि काउण्टरलाई दिने गरिएको सहुलियत रोक्का गरि कार्वाहिको लागि संवन्धीत निकायमा शिफारिस गरिने छ ।

(११) डेरि उद्योग, दुध तथा दुग्ध पदार्थ किक्रि रिटेल काउण्टरहरुको निरिक्षणका बखत कर्मचारिहरुले दुध तथा दुग्ध पदार्थका नमुना लिइ प्रयोगशाला परिक्षण गरि त्यसको नतिजा संवन्धीत सरोकारवालाहरुलाई पठाउन सक्ने छन । दुध तथा दुग्ध पदार्थको परिक्षणको नतिजा तोकिएको गुणस्तर भन्दा न्युन गुणस्तर वा अखाद्य पदार्थ मिसिएको ठहर भएमा प्रयोगशाला परिक्षणको नतिजाको प्रतिलिपि सहित आवश्यक कार्वाहीको लागि संवन्धीत निकायमा शिफारिस गरिने छ ।

(१२) अनुगमन निरिक्षण पश्चात अनुगमनकर्ता कर्मचारिले उद्योग तथा रिटेल काउण्टरमा भएका कमि कमजोरि बारे संवन्धीत डेरि उद्योग वा दुध तथा दुग्ध पदार्थ किक्रि रिटेल काउण्टरहरुलाई उचित प्राविधिक सल्लाह सुझाव दिने वा सचेत गराउन सक्ने छन ।

(१३) निरिक्षणकर्ताले निरिक्षण गर्दा डेरि उद्योग तथा दुग्ध पदार्थ विक्रि काउण्टरहरुले आफ्ना उत्पादनहरुमा उत्कृष्ट गुणस्तर कायम गरेको, उद्योग तथा विक्री काउण्टरको समग्र व्यवस्थापन धैरै राम्रो तथा अन्य उद्योग तथा रिटेल काउण्टरहरुको लागि समेत प्रेरणादायि हुन सक्ने पाएमा त्यस्ता उद्योग एवं काउण्टरहरुलाई विभागबाट वार्षिक रुममा एक समारोहको आयोजना गरि प्रशंसा पत्र प्रदान गरिने छ ।

८) आर्थिक प्रशासन सेवा:

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

९) अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था:

यस कार्यक्रमको अनुगमन मन्त्रालय, विभाग, निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय र कार्यालयहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालयहरुमा पठाउनु पर्ने छ । मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धीहरु विभाग मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

१०) थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूची - १

श्री मान कार्यालय प्रमुख ज्यू, मिति :

लाईभष्टक गुण व्यवस्थापन कार्यालय / प्रयोगशाला ।

विषय : सिफारिस पत्र पाउं ।

उपरोक्त विषयमा मैले / हामीले मिति : २० । । मा ......................................देशको ........................ कंपनिवाट उत्पादित निम्न तालिकामा उल्लेखित विवरण अनुसारको पशुपंक्षी / माछा को तयारि दाना / फिड सप्लीमेण्ट / फिड सप्लीमेण्टका कच्चा पदार्थ / प्याकिङ्ग मेटेरियल आयात गर्न लागेको हुंदा नियमानुसार पशुपंक्षीजन्य उद्योगहरुले पाउने भन्सार दर सहुलियत सहित आयात गर्न सिफारिसपत्र पाउन अनुरोध गर्दछु / गर्दछौं ।

आयात गर्न चाहेको विवरण :

| सि. नं. | आयात गर्न चाहेको वस्तुको नाम | परिमाण | भन्सार नाकाको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

निवेदकको :

नाम :

सहि :

फर्म / उद्योगको नाम :

ठेगाना :

संपर्क नंवर :

96

## अनुसूची - २

श्री मान कार्यालय प्रमुख ज्यू,                                                                 मिति :
लाईभष्टक गुणस्तर व्यवस्थापन कार्यालय / प्रयोगशाला ।

विषय : उत्पादन तथ्याङ्क तथा कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गरिएको सम्वन्धमा ।

उपरोक्त विषयमा मैले / हामीले चालु आ. व. २० । को यस दाना उद्योगको उत्पादन लक्ष्य निम्न तालिकामा उल्लेख गरि पेश गरेको छु / गरेका छौं, साथै गत आ.व. मा यस उद्योग द्वारा नेपाल सरकारलाइ बुझाएको करको विवरण समेत यसै पत्रसाथ पेश गरेको ब्यहोरा अनुरोध गर्दछु / गर्दछौं ।

चालु आ. ब. को दाना उत्पादन लक्ष्य विवरण :

| सि. नं. | उत्पादन गरिने दानाको परिमाण (मे. ट.) | प्रयोग हुने अनाजजन्य कच्चा पदार्थको परिमाण (मे. ट.) | प्रयोग हुने फिड सप्लीमेंण्ट कच्चा पदार्थको नाम | प्रयोग हुने फिड सप्लीमेण्ट कच्चा पदार्थको परिमाण (मे. ट.) |
|---|---|---|---|---|
| | | | | |

निवेदकको :
नाम :
सहि :
फर्म / उद्योगको नाम :
ठेगाना :
संपर्क नंवर :

अनुसूची - ३ (क)

(क) प्रिमिक्स / फिड सप्लीमेण्ट उत्पादकका लागि :

श्री मान कार्यालय प्रमुख ज्यू, मिति :
लाईभष्टक गुण व्यवस्थापन कार्यालय / प्रयोगशाला ।

विषय : दर्ता / नविकरण गरि पाउं ।

उपरोक्त विषयमा मैले / हामीले चालु आ. व. २० । मा ..............................कंपनिबाट उत्पादित र वितरित कच्चा पदार्थहरु आयात गरि फिड प्रिमिक्स तथा फिड सप्लीमेण्ट उत्पादन गरि विक्रि वितरण गर्दै आएकोमा चालु आ. व. मा समेत उक्त पदार्थहरुको उत्पादन एवं विक्रि गर्न इच्छुक भएकोले निम्नानुसार तोकिएको फर्मेटमा उक्त पदार्थहरुको विवरण भरि पेश गरेको छु / गरेका छौं. दर्ता / नविकरणका लागि अनुरोध गर्दछु / गर्दछौं ।

**निम्न :**

| क्र.स. | आयातको लागि माग गरिएको कच्चा पदार्थको नाम | माग परिमाण (कि.ग्रा.) | कच्चा पदार्थ मिसाइ तयार गरिने फिड सप्लिमेन्टको नाम | मिसाइने मात्रा प्रति टन (कि.ग्रा) | सप्लायर कम्पनीको नाम र देश |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदकको :
नाम :
सहि :
फर्म / उद्योगको नाम :
ठेगाना :
संपर्क नंवर :

अनुसूची - ३ (ख)

(क) व्यापारिक फर्म (Trader) का लागि :

श्री मान कार्यालय प्रमुख ज्यू,
लाईभष्टक गुण व्यवस्थापन कार्यालय / प्रयोगशाला ।

मिति :

विषय : दर्ता / नविकरण गरि पाउं ।

उपरोक्त विषयमा मैले / हामीले चालु आ. व. २० । मा ..................................कंपनिबाट उत्पादित र वितरित तयारि खाना पदार्थ, तयारि फिड सप्लीमेण्ट, फिड सप्लीमेण्टका कच्चा पदार्थहरु विक्रि वितरण गरि आएकोमा चालु आ. व. मा समेत उक्त पदार्थहरुको विक्रि गर्न इच्छुक भएकोले निम्नानुसार तोकिएको फर्मेटमा उक्त पदार्थहरुको विवरण भरि पेश गरेको छु / गरेका छौ, नविकरणका लागि अनुरोध गर्दछु / गर्दछौं ।

**निम्न :**

| क्र.स. | दर्ता वा नविकरण गर्नुपर्ने फिड / फिड सप्लिमेन्टको नाम | त्यस भित्र रहेका मुख्य मुख्य तत्वहरु | एक बर्षमा आयात गर्नु पर्ने परिमाण | भन्सार नाका |
|---|---|---|---|---|
| | | | | |

निवेदकको :
नाम :
सहि :
फर्म / उद्योगको नाम :
ठेगाना :
संपर्क नंवर :